# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
**(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)**
**प्रधान कार्यालय, भद्रकाली प्लाजा, काठमाडौं, नेपाल**

## कम्पनीको प्रथम वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रकाशित मिति : २०८१/०९/०६)

यस कम्पनीको सञ्चालक समितिको मिति २०८१/०९/०४ गते बसेको ६४औं बैठकको निर्णयानुसार कम्पनीको प्रथम वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा बस्ने र तपसिलका विषयहरुमा छलफल गर्ने निर्णय भएकाले सम्पूर्ण सेयरधनी तथा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### साधारणसभा बस्ने मिति, समय र स्थानः

**मिति : २०८१ पौष २७ गते, शनिवार**
**समय : दिउँसो २:०० बजे**
**स्थान : हिमालयन होटल, कुपण्डोल, ललितपुर ।**

### साधारणसभामा छलफल हुने प्रस्तावहरूः

**१. साधारण प्रस्तावहरु :**

क) अध्यक्षज्यूको मन्तव्य र सञ्चालक समितिको तर्फबाट पेश गरिने वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

ख) आ.व. २०७६/०७७, २०७७/०७८, २०७८/०७९ र २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहित आषाढ मसान्तको वासलात, सो अवधिको नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्ने ।

ग) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७६/०७७ देखि २०७९/०८० सम्मको लेखापरीक्षणको लागि महालेखा परीक्षकको कार्यालयबाट नियुक्ति भई आउनु भएका लेखापरीक्षकहरुको पारिश्रमिक अनुमोदन गर्ने ।

घ) कम्पनी ऐन, २०६३ को दफा ५१ र ७८ मा भएको व्यवस्था बमोजिका विवरणहरुको प्रतिवेदन पारित गर्ने ।

ङ) प्रमुख कार्यकारी अधिकृत तथा सञ्चालकहरुको तलव, भत्ता लगायतका सेवासुविधा अनुमोदन गर्ने ।

**२. विशेष प्रस्ताव :**

क) नियमावली संशोधन (नियमावलीको नियम २७, २८ र २९) गरी सञ्चालक समितिको गठन गर्ने ।

**३. विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**